# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.- ७

बैठक मिति २०७९/०७/०२

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा गाउँपालिका सल्लहाकारज्यूहरुको उपस्थितीमा बसी तपशिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री कमल भण्डारी | क.अ. | | |
| १७ | श्री भरत पोखरेल | स्वकीय सचिव | | |
| | | | | |

# अर्जुनचौपारीगाउँपालिका

बैठक नं.-

गाउँ कार्यपालिकाको बैठक

बैठक मिति २०७९/०७/०२

**एजेण्डाहरुः**

१. डिजिटल पालिका प्रोफाईल तयार सम्वन्धमा ।
२. सल्लाहकार समितिका सदस्यहरुलाई यातायात खर्च उपलब्ध गराउने सम्वन्धमा ।
३. समीक्षा बैठक सम्वन्धमा ।
४. दलित उत्थान केन्द्र सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल अर्जुनचौपारी गाउँपालिका भित्रको समग्र बस्तुस्थिती, जनताको आर्थिक अवस्था, रोजगारीको अवस्था, विकास निर्माणको अवस्था लगायतका महत्वपूर्ण विषयहरुको पालिकामा कुनै पनि तथ्याङ्क नरहेको हुँदा समयानुसार अध्यावधिक गर्न मिल्ने गरी पालिकाको डिजिटल प्रोफाईल तयार गर्ने कार्य तुरुन्त शुरु गर्ने साथै उक्त प्रोफाईल निर्माणको लागि आवश्यक बजेट हिउँदे गाउँसभाबाट विनियोजन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको सल्लाहकार समितिको बैठक त्रैमासिक रुपमा संचालन गर्ने र उक्त बैठकमा सहभागि समितिका सदस्यहरुलाई नियमानुसार यातायात खर्च प्रदान गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको बार्षिक समीक्षा बैठक गरी आगामी दिनमा अघिल्लो आर्थिक बर्षमा भएका कमी कमजोरहरु हटाई पालिकाका योजना/कार्यक्रमहरु समयमानै सम्पन्न गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अन्तर्गत दलित उत्थान केन्द्र शिर्षकमा रु १० लाख विनियोजन भएकोमा उक्त शिर्षकबाट यस पालिका स्थित विपन्न दलित समुदायको हितमा खर्च गर्ने गरी यस पालिकामा दर्ता भएको दलित उत्थान केन्द्रलाई कामको आधारमा भुक्तानी दिने सर्वसहमत निर्णय गरियो ।